May 15th, 2024

Wednesday

National News

प्रमुख समाचार:-

1. नागरिकता संशोधन ऐन २०२४ को अधिसूचना पछि नागरिकता प्रमाणपत्रको पहिलो सेट जारी
2. विभिन्न राजनीतिक दलका प्रमुख नेताहरू लोकसभा चुनावका बाँकी चरणहरूका लागि प्रचारप्रसारमा व्यस्त
3. प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीद्वारा महाराष्ट्रको नासिक जिल्लाको डिन्डोरीमा चुनावी सभालाई सम्बोधन
4. राजस्थानको कोलिहान खानीमा फसेका हिन्दुस्तान कपर लिमिटेडका सबै १५ जना कर्मचारीको उद्धार
5. आईपीएल क्रिकेटमा आज बेलुका राजस्थान रोयल्सले पञ्जाब किंग्ससँग प्रतिस्पर्धा गर्दै

## 1. CAA – Citizenship

नागरिकता संशोधन ऐन २०२४ को अधिसूचना पछि नागरिकता प्रमाणपत्रको पहिलो सेट जारी गरिएको छ। केन्द्रीय गृह सचिव श्री अजय कुमार भल्लाले आज नयाँ दिल्लीमा 14 आवेदकहरूलाई नागरिकता प्रमाणपत्र हस्तान्तरण गर्नुभयो । यी आवेदनहरू ३१ डिसेम्बर २०१४ सम्म पाकिस्तान, बंगलादेश र अफगानिस्तानबाट भारत प्रवेश गरेका हिन्दू, सिख, जैन, बौद्ध, पारसी र इसाई समुदायका मानिसहरूबाट प्राप्त भएका थिए।

## 2. LS Election Campaigning

लोकसभा चुनावका बाँकी तीन चरणको प्रचारप्रसार तीव्र भएको छ । विभिन्न राजनीतिक दलका प्रमुख नेताहरुले र्‍याली र जनसभा गरिरहेका छन् ।

## 3. PM – Maharashtra Campaign

प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले महाराष्ट्रको नासिक जिल्लाको डिन्डोरीमा चुनावी सभालाई सम्बोधन गर्नुभयो। उहाँले कोविड महामारीको समयमा भारतले गरेको कामको विश्वले प्रशंसा गरेको बताउनुभयो। श्री मोदीले एनडीए सरकार किसान, युवा, महिला र पिछडिएका मानिसहरूको कल्याणका लागि प्रतिबद्ध रहेको बताउनुभयो। यस क्षेत्रका प्याज किसानहरूलाई सम्बोधन गर्दै श्री मोदीले विगत १० वर्षमा प्याजको निर्यात पैंतीस प्रतिशतले बढेको उल्लेख गर्नुभयो।

## 4. Bihar Campaign

बिहारमा लोकसभा चुनावको पाँचौं र बाँकी चरणको प्रचारप्रसार तीव्र गतिमा भइरहेको छ। एनडीए र गठबन्धनका नेताहरूले मतदातालाई रिझाउन कुनै कसर बाँकी राखेका छैनन्।

बीजेपी अध्यक्ष श्री जेपी नड्डाले आज पूर्वी चम्पारण जिल्लाको सिरोनामा एक जनसभालाई सम्बोधन गर्नुभयो। श्री नड्डाले आन्ध्र प्रदेश र कर्नाटकमा धर्मको आधारमा आरक्षण दिएर कांग्रेसले बाबा साहेब भीम राव अम्बेडकरको आदर्शविरुद्ध काम गरिरहेको आरोप लगाउनुभयो। बीजेपी अध्यक्षले प्रधानमन्त्री श्री मोदीले तुष्टीकरण र जातिय राजनीतिको अन्त्य गरेको बताउनुभयो। गठबन्धनका तर्फबाट कांग्रेस, राष्ट्रिय जनता दल र विकासशील इन्सान पार्टीका नेताहरूले पनि र्‍याली गरिरहेका छन् । कांग्रेस प्रदेश अध्यक्ष श्री अखिलेश प्रसाद सिंहले भाजपाले समाजमा फाटो ल्याउन खोजेको भन्दै धर्मको नाममा राजनीति गरिरहेको आरोप लगाउनुभयो।

## 5. EC – Election Preparation

निर्वाचन आयोगले आज लोकसभा चुनावको पाँचौं र छैटौं चरणको तयारीको समीक्षा गरेको छ। मुख्य निर्वाचन आयुक्त श्री राजीव कुमार र निर्वाचन आयुक्तहरू श्री ज्ञानेश कुमार र श्री सुखवीर सिंह संधूले लोकसभा चुनाव २०२४ को पाँचौं चरणका लागि ४९ संसदीय निर्वाचन क्षेत्र र छैटौं चरणका लागि ५७ संसदीय क्षेत्रहरूमा खटिएका पर्यवेक्षकहरूसँग भिडियो कन्फरेन्समार्फत कुराकानी गर्नुभएको थियो। छैटौं चरणको मतदान यसै महिनाको २० र २५ तारिकमा हुनेछ।

## 6. ECI – Andhra Pradesh

निर्वाचन आयोगले आन्ध्र प्रदेशका मुख्य सचिव र प्रहरी महानिर्देशकलाई निर्वाचनमा हिंसा रोक्न प्रशासन असफल भएको विषयमा कार्यालयमा उपस्थित हुन भनेको छ। स्रोतका अनुसार आयोगले उनलाई भोलि नयाँ दिल्ली उपस्थित भएर भविष्यमा यस्ता घटना हुन नदिनका लागि चालिएका सावधानीका बारेमा बताउन भनेको छ। आन्ध्र प्रदेशमा भर्खरै सम्पन्न चुनाव पछिको हिंसालाई ध्यानमा राख्दै, आयोगले मुख्य सचिव र प्रहरी महानिदेशकलाई भविष्यमा यस्ता घटनाहरू दोहोरिन नदिन सुनिश्चित गर्न आग्रह गरेको छ। आयोगले लोकतन्त्रमा हिंसाको कुनै स्थान नहुनेमा निरन्तर जोड दिँदै आएको बताएको छ।

## 7. BJP – Kejriwal

भारतीय जनता पार्टीले आम आदमी पार्टीकी सांसद स्वाती मालिवालसँग भएको दुर्व्यवहारको विषयमा पार्टी संयोजक तथा दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवालको मौनतामाथि प्रश्न उठाएको छ । नयाँ दिल्लीमा भाजपा नेताले श्री केजरीवालले आफ्नो निवासमा भएको घटनाको सत्यता जनतालाई बताउनुपर्ने माग गरेका छन्। बताइन्छ, श्री केजरीवालका निजी सहायकले गत हप्ता स्वाती मालीवालसँग दुर्व्यवहार गरेका थिए। आम आदमी पार्टीले आरोपितलाई कारबाही गर्ने आश्वासन दिएको छ।

## 8. Mine - Trapped

राजस्थानको एउटा खानीमा गए रातिदेखि फसेका हिन्दुस्तान कपर लिमिटेडका १५ कर्मचारीको आज उद्धार गरिएको छ । जसमध्ये एक जनाको मृत्यु भएको आशंका छ । सम्बन्धित अधिकारीका अनुसार उद्धार गरिएका सबैलाई उपचारका लागि अस्पताल पठाइएको छ। हिजो राति कम्पनीका यी कर्मचारीहरू खानीमा जाँदा लिफ्टको डोरी चुँडेको थियो, फलस्वरूप यी कर्मचारीहरू फसेका थिए। घटनास्थलमा कैयौं एम्बुलेन्स र मेडिकल टोली पुगेर रातभर उद्धार कार्य गरेका थिए । कोलिहान खानीमा सबै कामदार ५७७ मिटर गहिराइमा फसेका थिए।

9. India – UAE

भारत-संयुक्त अरब इमिरेट्स संयुक्त समितिको पाँचौं बैठक हिजो नयाँ दिल्लीमा सम्पन्न भयो। दुवै पक्षले नागरिकको हितलाई ध्यानमा राखी कूटनीतिक सहयोगका लागि संयन्त्र बनाउने प्रतिबद्धता दोहोऱ्याएको विदेश मन्त्रालयले जनाएको छ ।

10. India Pavillion – Cannes Festival

फ्रान्समा जारी कान्स चलचित्र महोत्सवमा आज भारत मण्डपको उद्घाटन गरियो । यस महोत्सवमा भारतले पहिलो पटक भारत पर्व आयोजना गर्दैछ । कान्समा रहेको भारत मण्डपले भारतीय चलचित्र समुदायलाई विभिन्न गतिविधिमा संलग्न हुनको लागि मञ्च प्रदान गर्नेछ। मण्डपको नाम द-सूत्रधार राखिएको छ, जुन यस वर्षको नारा 'क्रिएट इन इन्डिया' अर्थात् भारतमा बनाउनुहोस् अनुरुप रहेको छ ।

11. S Jaishankar – Chabahar Port

विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशंकरले चाबहार बन्दरगाहबाट सम्पूर्ण क्षेत्र लाभान्वित हुने र यसबारे संकुचित मन राख्न नहुने बताउनुभएको छ। हिजो राति कोलकातामा आयोजित एक कार्यक्रममा बोल्दै उहाँले विगतमा पनि चाबहार बन्दरगाह निकै सान्दर्भिक रहेको कुरा अमेरिकाले स्वीकार गर्दै आएको बताउनुभयो । भारतले सोमबार रणनीतिक इरानी बन्दरगाह चाबहार सञ्चालनका लागि १० वर्षे सम्झौतामा हस्ताक्षर गरेको थियो ।

12. IPL Cricket

आईपीएल क्रिकेटमा आज साँझ गुवाहाटीमा राजस्थान रोयल्सले पञ्जाब किंग्सको सामना गर्दैछ । गएराति नयाँ दिल्लीको अरुण जेटली स्टेडियममा भएको खेलमा दिल्ली क्यापिटल्सले लखनउ सुपर जाइन्ट्सलाई १९ रनले पराजित गरेको थियो ।

## 13. Manika Batra - Ranking

शीर्ष महिला टेबल टेनिस खेलाडी मनिका बत्राले साउदी स्म्यासमा उत्कृष्ट प्रदर्शन गरेपछि आफ्नो करियरको सर्वोत्कृष्ट २४ औं स्थानमा पुगेकी छिन् । मनिका विश्व वरियतामा शीर्ष २५ मा पुग्ने पहिलो भारतीय महिला टेबल टेनिस खेलाडी बनेकी छिन् । यसअघि उनी ३९ औं स्थानमा थिइन् ।

## 14. IMD Weather

राजस्थान, पञ्जाब, हरियाणा र उत्तर प्रदेशमा भोलिदेखि उखुम गर्मी सुरु हुने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । पश्चिमी राजस्थान, पञ्जाब, दक्षिण हरियाणा र पूर्वी राजस्थानका केही स्थानमा उखरमाउलो गर्मी हुने अनुमान गरिएको छ । अबको दुई दिन गुजरात, कोंकण, सौराष्ट्र र कच्छमा निकै गर्मी हुने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।